मुसिकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मुसिकोट रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

phone: 088530261,9857826333
website:musikotmunrukum.gov.np
email: ito.musikotmun@gmail.com
email: info@musikotmun.gov.np

# औषधि आपुर्ति सम्वन्धि सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०७५/१०/०७ गते**

यस कार्यालयको लागि आवश्यक औषधीहरु सिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नुपर्ने भएकोले सम्वन्धीत इजाजत पत्र प्राप्त इच्छुक व्यक्ति, फर्म तथा कम्पनी वाट तपसिलका शर्तहरुको अधिनमा रही रितपुर्वकको सिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

## तपसिल

- मिति २०७५/१०/१३ गते भित्र कम्पनी तथा फर्मले चालु आ.व.०७४/०७५ मा नविकरण भएको ईजाजत प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आयकर दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, औषधि विक्री वितरण गर्न पाउने ईजाजत प्रमाण पत्र, मू.अ.कर दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र (आ.व.०७४/०७५) र स्थायी लेखानम्वर दर्ता प्रमाण पत्रहरुको मान्यता प्राप्त नोटरी पव्लीकद्धारा प्रमाणित प्रतिलिपी सहित निवेदन दिई रु १०। को टिकट टाँस गरी कार्यालय समय भित्र रु ३०००। तिरी शिलवन्दि दरभाउपत्र फाराम दस्तुर (फिर्ता नहुने गरी) बुझाई यस कार्यालयवाट खरिद गर्न सकिनेछ । निवेदनमा स्पष्ट आपुर्तिकर्ताको नाम, कारोबार ठेगाना, पत्राचार ठेगाना, फ्याक्स नम्वर र इमेल ठेगाना उल्लेख गर्नुपर्नेछ ।
- दरभाउपत्र फारामका साथ कूल लागत अनुमान को ३ प्रतिशतले हुन आउने रकम रु ६६,०५०। अक्षेरुपि छैसठि हजार पचास मात्र । मुसिकोट नगरपालिका रुकुम पश्चिमको नेपाल वैंक लिमिटेड रुकुम शाखा स्थित धरौटी खाता ०७७०३००००००००३००००००८ मा नगद जम्मा गरेको सक्कल वैंक भौचर वा वाणिज्य वैंकवाट कम्तीमा ७५ दिनको मान्य अवधि रहने गरी जारी भएको वैंक जमानत, नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, नविकरण भएको फर्म तथा कम्पनि दर्ता प्रमाण पत्र (वैंक ग्यारेन्टी), औषधि विक्री वितरण गर्न पाउने ईजाजत प्रमाण पत्र, मू.अ.कर दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र (आ.व.०७४/०७५), र स्थायी लेखा नम्वर दर्ता प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपी संलग्न राखि सिलवन्दी दरभाउपत्र फाराम मिति २०७५/१०/१४ गते दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ ।
- दरभाउपत्रदाताले दरभाउपत्र फाराम खरिद, दर्ता तथा दरभाउपत्र सम्वन्धी अन्य काममा भाग लिदा अधिकृत प्रतिनिधि तोकेको भएमा सो कार्य गर्न तोकीएको फर्मको आधिकारीक मन्जुरीनामा पत्र र अधिकृत प्रतिनिधिको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि पनि संलग्न हुनुपर्नेछ ।
- निर्धारित समय भित्र दर्ता भएका सिलवन्दी दरभाउपत्र मिति २०७५/१०/१४ गते दिनको २:०० वजे यस कार्यालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिने छ । तर दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएको कारणले सिलवन्दी दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।
- दरभाउपत्र फाराममा प्रत्येक औषधि आईटमवाईज WHO GMP Certified उत्पादन कम्पनिको नाम अनिवार्य रुपले भर्नुपर्नेछ ।

प्रमुख प्रशासकिय अधिकृत

- ❖ दरभाउपत्र साथ यस कार्यालयवाट प्राप्त हुने निर्देशन तथा शर्तनामा पत्र स्वीकार गरी सो मा दस्तखत तथा फर्म वा कम्पनिको छाप समेत लगाई सो शर्तनामा र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० को उपनियम (२) (ङ) वमोजिमको घोषणापत्र (दस्तखत र फर्मको छाप सहितको) अनिवार्य रुपमा सिलबन्दि दरभाउपत्र साथ पेश गर्नुपर्नेछ । स्वीकार गरीएको निर्देशन तथा शर्तनामा पत्र र घोषणापत्र सिलवन्दि दरभाउपत्र साथ पेश नभएमा उक्त दरभाउपत्र मान्य हुनेछैन ।
- ❖ समय नाघि वा शर्त राखि आएको दरभाउपत्र मान्य हुनेछैन ।
- ❖ दरभाउपत्रदाताले विश्व स्वास्थ्य संगठन कुशल उत्पादन प्रक्रिया (WHO GMP Certified) कम्पनीहरुको मात्र औषधि आपुर्ति गर्नुपर्नेछ । साथै WHO GMP Certificate हरुको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।
- ❖ औषधि व्यवस्था विभागबाट जारी भएको Marketing Licence प्रमाणित प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।
- ❖ उत्पादक वा अधिकृत वितरकवाट औषधी आपुर्ति गर्न मञ्जुरी पत्र लिएको हुनु पर्नेछ । साथै त्यस्ता वितरकको अधिकार पत्र आधिकारिकता पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ । Authorization Letter पेश नभएको आइटम मूल्यांकनमा समावेश गरिने छैन ।
- ❖ हरेक औषधिको स्ट्रिप, वोतल आदिमा **"नेपाल सरकारबाट निशुल्क वितरणको लागि"** भनि उल्लेख गर्नुपर्नेछ । अन्यथा कार्यालय जवाफदेही हुनेछैन ।
- ❖ औषधि दाखिला गर्दा १८ महिनाको Expiry Date वा छोटो अवधिको औषधिमा ७५ प्रतिशत अवधि बाँकी हुनुपर्नेछ ।
- ❖ Bottle आपुर्ति हुने औषधि प्लाष्टिकको वोतलमा हुनपर्नेछ ।
- ❖ विदेशी औषधीको हकमा औषधी व्यवस्था विभागको पैठारी सिफारिस पत्रको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ
- ❖ सारभुत रुपमा प्रभावग्राही दरभाउपत्र मध्ये प्याकेजको रुपमा सबैभन्दा घटी कबोल गर्ने फर्मको दरभाउपत्र स्वीकृत गरिनेछ ।
- ❖ कार्यालयको आवश्यकता अनुसार दरभाउपत्रमा उल्लेखित औषधिको परिणाम थपघट गर्न सकिनेछ ।
- ❖ यस सूचनामा छुट हुन गएको अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित नेपाल कानुन अनुसार हुनेछ थप केही कुरा बुझ्नुपरेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।
- ❖ यो दरभाउपत्रको आंशीक वा पुर्ण निर्णय गर्ने अधिकार यस कार्यालयलाई हुनेछ ।

**<u>तपसिल</u>**

| क्र.स. | विवरण | लागत अनुमाण रु ( मु.अ.कर.बाहेक) | दरभाउपत्र दस्तुर | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | औषधी खरिद | २२,०१,५१६।६७- | ३०००। | ६६,०५०।- | नगरपालिकाको स्टोर सम्म ढुवानि आफै व्यहोर्नु पर्नेछ । |

माधवप्रसाद शर्मा
प्रमूख प्रशासकीय अधिकृत